**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# सङ्कथनका स्वरूप

**डा. श्रीधर न्यौपाने**
**उपप्राध्यापक**
**नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: shreedhar137@gmail.com

Received date : 9 December 2024, Reviewed date : 8 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

प्रस्तुत लेख सङ्कथनका मूलभूत स्वरूपहरूको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको हो । यस लेखको अध्ययन क्षेत्रका रूपमा सङ्कथन रहेको छ भने समस्याका रूपमा यसका स्वरूप रहेका छन् । कुनै पनि पाठमा कोशीय अर्थ मात्र सन्निहित नभई त्यसको सन्दर्भगत अर्थसमेत सम्प्रेषण भएको हुन्छ भन्ने कुरा सङ्कथनसँग सम्बद्ध छ । वाक्यभन्दा मुनिका भाषिक अभिव्यक्तिदेखि बृहत् आकृतिका रचना पनि सङ्कथनका रूपमा चिनिन्छन् । यस्ता सङ्कथनका स्वरूपको पहिचान गर्न आवश्यक देखिएकाले सङ्कथनका स्वरूप कस्ता छन् भन्ने जिज्ञासालाई यस अध्ययनमा समस्याका रूपमा प्रस्तुत गरिएको छ । सङ्कथनका विभिन्न स्वरूपहरूका बारेमा चर्चा गर्दा वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक र आख्यानात्मक सङ्कथनलाई सूचकका रूपमा यस अध्ययनमा उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचा, बहुसत्यमा विश्वास, आगमनात्मक शोधविधिको अवलम्बन गरिएको यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । कुनै विषयको इन्द्रियग्राह्य प्रस्तुति वर्णनात्मक सङ्कथन, कुनै विषयको विस्तारपूर्वक अभिव्यक्ति विवरणात्मक सङ्कथन, संश्लिष्ट विचारको खण्डित प्रस्तुति विश्लेषणात्मक सङ्कथन र घटनालाई कारण कार्य शृङ्खलामा आबद्ध गराई कथात्मक ढाँचामा प्रस्तुत गरिने आख्यानात्मक सङ्कथन हो । सन्दर्भगत अर्थ सम्प्रेषण हुने यी सबै स्वरूपका सङ्कथनमा आरम्भ, विस्तार र समापनको शृङ्खला कायम गरिएको हुन्छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

***शब्दकुञ्जी :*** इन्द्रियग्राह्य, कथात्मक, खण्डित, विस्तारपूर्वक, शृङ्खला, सन्दर्भगत

## विषय परिचय

सन्दर्भगत अर्थ सम्प्रेषण गर्ने भाषिक अभिव्यक्ति सङ्कथन हो । लघु, मझौला र बृहत् आयाममा प्रस्तुत हुने सङ्कथनलाई मौखिक, लिखित र साङ्केतिक रूपमा प्रस्तुत गर्न सकिन्छ । भाषाको व्याकरण

*Copyright 2025 © the Author (s) and the Publisher*

पक्षको अध्ययन गर्दा वाक्यका तहसम्म मात्र सीमित रहेका अवस्थामा वाक्यभन्दा माथिका सन्दर्भगत अर्थसहितका भाषिक एकाइको अध्ययनको क्रमसँगै सन् १९६० पछि सङ्कथन विश्लेषणको परम्परा आरम्भ भएको हो। प्रस्तुति शैलीका आधारमा सङ्कथनका विभिन्न स्वरूप हुन्छन्। सङ्कथनका विभिन्न स्वरूपहरूमध्ये यस अध्ययनमा वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक र आख्यानात्मक सङ्कथनका बारेमा अध्ययन गरिएको छ।

कोशीय अर्थका अतिरिक्त सन्दर्भगत अर्थ सम्प्रेषण गर्ने भाषिक अभिव्यक्ति सङ्कथन हो। मूलतः यसले सम्प्रेषण गर्ने अर्थका सम्बन्धमा पूर्वअध्येताले चर्चा गरे पनि यसका स्वरूपसँग सम्बद्ध रही गहन ढङ्गले अध्ययन भएको देखिँदैन। तसर्थ सङ्थनका स्वरूप कस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ। वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक र आख्यानात्मक सङ्कथनलाई सूचक बनाई सङ्कथनका स्वरूपको विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो। सङ्कथनका अन्य स्वरूपलाई विश्लेषणमा समावेश नगर्नु यस अध्ययनको सीमा हो। कुनै विषयलाई इन्द्रियग्राह्य बनाई प्रस्तुत गरिने वर्णनात्मक सङ्कथन र कुनै विषयको विस्तारपूर्वक चर्चा गरिने विवरणात्मक सङ्कथन हो। यसका साथै संश्लिष्ट विचारलाई खण्डित गरी तर्क, प्रमाण, ज्ञान, अनुभवका आधारमा स्पष्ट पारिने विश्लेषणात्मक सङ्कथन र घटनालाई कारण कार्य शृङ्खलामा आबद्ध गराई कथात्मक ढाँचामा प्रस्तुत गरिने आख्यानात्मक सङ्कथन हो। गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यस अध्ययनमा आगमनात्मक शोधविधिको उपयोग गरिएको छ। यस अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन्। सङ्कथनका स्वरूपका बारेमा विभिन्न पाठबाट ल्याइएका उदाहरणका आधारमा मिहिन ढङ्गले विश्लेषण गरिएको यो अध्ययन नवीन, मौलिक र प्राज्ञिक दृष्टिले उपयोगी देखिएको छ।

## अध्ययन विधि

गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यस लेखमा आगमनात्मक शोधविधिको उपयोग गरिएको छ। बहुसत्यमा आधारित यस अध्ययनमा सङ्कथनको स्वरूपका बारेमा चर्चा गर्ने क्रममा उक्त सिद्धान्तसँग सम्बद्ध सामग्रीलाई उपयोग गरिएको छ। यसका साथै विश्लेषणका लागि निर्धारित सङ्कथनका स्वरूपलाई चिनाउने खालका साक्ष्यहरू विभिन्न पाठबाट सङ्कलन गरिएका छन्। यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको प्रयोग गरिएको छ र ती दुवै खालका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन्।

## सैद्धान्तिक पर्याधार

लगातार कुरा गर्नु भन्ने अर्थ बोध गराउने ल्याटिन भाषाको discursus बाट विकसित भएको अङ्ग्रेजीको discourse शब्दले भन्नु, बोल्नु, कुरा गर्नु वा बातचित गर्नु भन्ने अर्थ बोध गराउँछ। यस्तो अर्थ सम्प्रेषण गर्ने अङ्ग्रेजीको discourse शब्दको नेपाली रूपान्तरण सङ्कथनका रूपमा प्रचलित रहेको छ। एउटा पूर्ण अर्थ सम्प्रेषण गर्ने भाषिक अभिव्यक्ति नै सङ्कथन हो। सबै भाषिक अभिव्यक्तिले सङ्कथनको स्वरूप ग्रहण गरेको हुँदैन। सङ्कथनभित्र सन्दर्भपरक अर्थ सन्निहित हुन्छ। यसले कोशीय परिधिभन्दा परसम्मको अर्थ बुझाउँछ (घिमिरे, २०६९, पृ. १)। पाठमा प्रयुक्त शब्दले कोशीय अर्थलाई

मात्र सम्प्रेषण गरेका अवस्थामा त्यसले सङ्कथनको स्वरूप ग्रहण गरेको हुँदैन । जब त्यहाँ प्रयुक्त शब्द वा पदावलीले कोशीय अर्थभन्दा अगाडि बढी सन्दर्भपरक अर्थ प्रस्तुत गरेका हुन्छन् त्यस अवस्थामा मात्र त्यस्तो भाषिक अभिव्यक्तिले सङ्कथनको स्वरूप ग्रहण गरेको हुन्छ (पौडेल र पोखरेल, २०७१, पृ. १) । सन्दर्भपरक अर्थ नै सङ्कथनको परिचय हो । कुनै पनि पाठमा अर्थहरू धेरै, लचक र संस्कृतिसँग सम्बद्ध हुन्छन् (Gee, 2001, p.40) । जाति, धर्म, भूगोल, संस्कृति, सभ्यताका आधारमा भिन्न भिन्न अर्थको बोध गर्न सकिने भएकाले सङ्कथनले कोशीय अर्थभन्दा भिन्न अर्थलाई सम्प्रेषण गर्छ भनिएको हो । यही सन्दर्भपरक अर्थको बोध गराउने सङ्कथन वा पाठको विश्लेषण नै सङ्कथन विश्लेषण हो ।

सङ्कथन विश्लेषण पाश्चात्य भाषिक अध्ययन परम्परामा सन् १९६० को दशकदेखि प्रारम्भ भए पनि यसको खास विकास सन् १९७० देखि भएको हो । खास गरी ब्लुमफिडको संरचनात्मक व्याकरण र नोम चम्स्कीको रूपान्तरण व्याकरणले भाषाको अध्ययन गर्दा केवल ध्वनि, वर्ण, रूप, वाक्यसम्मको अध्ययनमा आफूलाई सीमित राखेका अवस्थामा त्यस सीमाभन्दा पनि माथि उठेर भाषाको सन्दर्भपरक अध्ययन गर्न सकिन्छ भन्ने मान्यतालाई वरण गरी रुसमा जन्मिएका र अमेरिकाको बेन्जामिन फ्रेङ्कलिङ विश्वविद्यालयमा भाषाविज्ञान प्राध्यापन गरेका जेलिङ ह्यारिसले संरचनावादी र वाक्यवादी भाषा चिन्तनभन्दा माथि उठेर भाषिक सङ्कथनलाई संरचना र सामाजिक सन्दर्भका माध्यमबाट विश्लेषण गर्न सकिन्छ भन्ने कुरा सन् १९५२ को ‘discourse analysis’ शीर्षकको लेखमा प्रस्तुत गरे (Mccarthy, 1991, p. 5)। उनले सन् १९५२ मा हेयर टनिकको विज्ञापनमा प्रयुक्त भाषाको अध्ययनका माध्यमबाट सङ्कथन विश्लेषणको आरम्भ गरेको देखिन्छ । संरचना र सन्दर्भका कोणबाट उक्त विज्ञापनमा प्रयुक्त भएको भाषाको विश्लेषण गर्दै कुनै पनि पाठको सङ्कथन विश्लेषण गर्दा अपनाउनुपर्ने सैद्धान्तिक आधारका बारेमा समेत स्पष्ट पारे । कुनै भाषाको व्याकरणको अध्ययन वाक्यभन्दा माथि पुगेर गर्न सकिन्छ भन्ने निष्कर्ष उनले प्रस्तुत गरे । उनले सङ्कथनको संरचना र सन्दर्भको चर्चा गर्दा संरचनाअन्तर्गत वाक्यभन्दा माथिको भाषिक प्रयोग र सन्दर्भअन्तर्गत भाषा र संस्कृतिसँग सम्बद्ध अर्थ हो भन्ने कुरा स्पष्ट पारे (अधिकारी, २०६७ क, पृ. २४९) । सामाजिक सन्दर्भको सम्बन्ध नभएका सङ्कथनलाई बुझ्न र बुझाउन सकिँदैन भन्ने धारणा उनको रहेको छ । ह्यारिसको यसै विन्दुलाई नै सङ्कथन विश्लेषणको प्रारम्भ विन्दु मानिन्छ (अधिकारी, २०६७ ख, पृ. २५) । ह्यारिसबाट प्रारम्भ भएको सङ्कथन विश्लेषणको परम्परालाई अझ सशक्त रूपमा गति प्रदान गर्ने काम ह्यालिडे, हसन, गे, मार्टिन जस्ता भाषाशास्त्रीहरूको गहन भूमिका रह्यो । आज सङ्कथन विभिन्न स्वरूपमा विस्तारित भएको छ ।

सङ्कथन संरचना र सन्दर्भलाई विश्लेषणमा समेट्ने पूर्ण अभिव्यक्ति हो । यसलाई विश्लेषण गर्ने आधारका रूपमा भाषा रहेको हुन्छ । कृतिमा प्रयुक्त भाषिक रूपले जतिसम्मको सन्दर्भलाई तानेर ल्याउन सक्छ, सङ्कथनको अर्थ पनि त्यहाँसम्म जान सक्छ (गौतम, २०६९/२०७६, पृ. ५७२) । भाषिक सन्दर्भले बोध गराउन नसक्ने खालको अर्थको खोजी यसमा गरिँदैन । सङ्कथन प्रयोक्ताले कुन आशय सम्प्रेषणका लागि उक्त सङ्कथनको प्रयोग गरेको हो भन्ने कुरालाई भाषाका माध्यमबाट अभिव्यक्त गरिने भएकाले सङ्कथन विश्लेषणमा भाषालाई महत्त्व दिइएको हो । भाषाका ध्वनिदेखि वाक्य, अनुच्छेद, संवाद, मनोवाद जस्ता संरचनाहरू र तिनका बिचमा कायम रहने अन्तःसम्बन्धका आधारमा कृतिको विश्लेषण गरिएको हुन्छ । यसमा भाषाको प्रकार्यपरक भेदको अध्ययन गरिन्छ । भाषाको प्रकार्यपरक

अध्ययन गर्दा भाषिक अभिव्यक्तिका रूपहरू, प्रयोजनपरक भेदहरू, शैलीगत भेदहरू आदिलाई आधार बनाइन्छ । सङ्कथनमा रहेका उपवाक्यहरू, वाक्यहरू साथै वाक्यभन्दा माथिका भाषिक एकाइमा सम्बन्ध रहेको हुन्छ भन्ने कुराका आधारमा विश्लेषण गरिन्छ ।

वाक्यभन्दा माथिका मौखिक, लिखित वा साङ्केतिक रूपमा प्रस्तुत भएका पाठ नै सङ्कथन हुन् । यिनै पाठको विश्लेषण नै सङ्कथन विश्लेषण हो । मूलतः वाक्यभन्दा माथिका भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिए पनि पूर्ण अर्थ बोध गराउन सक्ने वाक्यभन्दा साना भाषिक एकाइहरू (शब्द, उपवाक्य) पनि सङ्कथन नै हुन् भन्ने तर्क जेलिङ ह्यारिसको रहेको छ । उनको यस अभिव्यक्तिले सन्दर्भगत अर्थ बोध गराउन सक्ने सानो आकृति पनि सङ्कथन बन्न सक्छ भन्ने मान्यता प्रस्तुत गरेको छ । कथ्य, लेख्य र साङ्केतिक भाषाका माध्यमबाट प्रस्तुत गरिने संरचनामा सन्दर्भगत अर्थ अभिव्यक्त भएको हुन्छ । साहित्यिक विधामा सङ्कथनको आयाम सानो मुक्तकदेखि बृहत् आयामका रचनाहरू पर्दछन् । सबै प्रकारका लेख्य पाठहरू, कथ्य संरचनाहरू, बातचित, चिठी, भाषण, कक्षा शिक्षण, टिप्पणी, परामर्श, विवाद, संवाद, मनोवाद, प्रतिवेदन, समाचारपत्रका लेख, अन्तर्क्रिया, अन्तर्वार्ता, विज्ञापन, ठट्टा, गफगाफ, कुराकानी आदि सङ्कथनका नमुना हुन् (Flowerdew, 2017, p. 2) । सङ्कथनको क्षेत्र व्यापक रहेको छ । यसको प्रस्तुतिको आफ्नै ढाँचा वा संरचना हुन्छ, प्रारम्भ र अन्त्यको निश्चित पद्धति हुन्छ । यिनमा वाक्यका बिचमा र सन्दर्भका बिचमा परस्पर सम्बद्धता हुन्छ र अर्थ सम्प्रेषण हुन्छ । वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक, आख्यानात्मक, नाटकीय, मनोवादात्मक, संवादात्मक जस्ता स्वरूपका सङ्कथनहरू प्रयोगमा देखिन्छन् ।

## विमर्श र नतिजा

प्रस्तोताले बोद्धासमक्ष विचार सम्प्रेषण गर्ने क्रममा विभिन्न युक्तिको अवलम्बन गरेको हुन्छ । प्रस्तोताले अवलम्बन गरेको सोही युक्तिलाई प्रस्तुति शैलीका रूपमा लिइन्छ । शैलीका आधारमा वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक, आख्यानात्मक, नाटकीय, मनोवादात्मक, संवादात्मक जस्ता सङ्कथनका स्वरूप रहेको पाइन्छ । यी विभिन्न स्वरूपहरूमध्ये यहाँ वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक र आख्यानात्मक सङ्कथनका बारेमा चर्चा गरिएको छ ।

### वर्णनात्मक सङ्कथन

कुनै विषय, वस्तु, दृश्य, घटना आदिको इन्द्रियग्राह्य अभिव्यक्ति भएको सन्दर्भपरक अर्थ सम्प्रेषण गर्ने वर्णनात्मक सङ्कथन हो । यस्तो सङ्कथनमा प्रस्तोताले आकर्षक दृश्यको वर्णन गरेको हुन्छ र त्यस प्रकृतिको वर्णनले बोद्धाको मस्तिष्कमा सम्बन्धित वर्णित विषयको छवि अङ्कित भएको हुन्छ । यस्ता सुन्दर, रमणीय दृश्यका बारेमा श्रवण वा पठन गर्दा बोद्धाले शान्त र आनन्दको अनुभवसमेत गरेको हुन्छ । वर्णनात्मक सङ्कथनमा प्रस्तोताले कुनै विषय वा वस्तुका बारेमा वर्णन गर्ने क्रममा तिनीसँग सम्बद्ध साक्ष्यहरूलाई सङ्कलन गरेको हुन्छ र तिनै साक्ष्यका आधारमा आफ्नो वैयिक्तक अनुभव र संज्ञानको समेत उपयोग गरी बोद्धालाई प्रभाव पार्न सक्ने सुललित भाषाका माध्यमबाट वर्णन गरेको हुन्छ । प्रस्तोता विषयप्रतिको ज्ञानमा पोख्त नभएमा यस्तो सङ्कथन प्रस्तुत गर्न कठिन हुन्छ (पौडेल, २०५९, पृ. ९८) । विषय वा वस्तुलाई सुन्दर बनाउनका लागि आफ्नो

कल्पनाको समेत उपयोग गरेको हुन्छ । वर्णनमा सजीवता, कलात्मकता र प्रभावकारिताका लागि प्रस्तोतामा प्रतिभा र कल्पनाशीलता हुनुपर्छ (थापा, २०३६/२०५०, पृ. १९२) । वर्णनीय विषयप्रतिको ज्ञान र प्रस्तोताको संज्ञान एवम् उसको कल्पनाबाट नै वर्णनात्मक सङ्कथन तयार गरिएको हुन्छ ।

वर्तमानकालीन विषय वा सन्दर्भलाई समेटी तयार पारिने वर्णनात्मक सङ्कथनले पनि अन्य सङ्कथनात्मक संरचनाले जस्तै सन्दर्भपरक अर्थलाई प्रस्तुत गरेको हुन्छ । वर्तमान अवस्थाको परिघटनालाई हेर्दै के भइरहेको छ भन्ने तथ्यलाई प्रस्तोताले स्वसंज्ञानको उपयोग गरी प्रस्तुत गरेमा त्यो वर्णनात्मक सङ्कथन बन्छ (शर्मा र लुइटेल, २०५२, पृ. १५) । यस्तो सङ्कथनमा वर्तमान समयमा भएका घटनालाई अनि, र, त्यसपछि जस्ता संयोजकले जोडिएको हुन्छ । वर्णनले युक्त नै वर्णनात्मक सङ्कथन हो (अधिकारी, २०६१, पृ. ८९६) । प्रस्तोता विषयको वर्णन गर्ने कुरामा सचेत बनेको हुन्छ । यसरी वर्णन गर्ने क्रममा चित्रात्मक भाषाको प्रयोग गरेको हुन्छ (उपाध्याय, २०३०/२०४९, पृ. २०३) । शब्दका माध्यमबाट बोद्धाको मस्तिष्कमा चित्र उतार्नु चित्रात्मक भाषा हो । प्रस्तोताले आफ्नो विचारलाई बोद्धासमक्ष सम्प्रेषण गर्ने क्रममा प्रयोग गरेको कोड (भाषा) ले बोद्धाको आँखाअगाडि सम्बन्धित वर्णित विषयको चित्र देखाएको हुन्छ (शर्मा, २०५५, पृ. ५०९) । प्रस्तोताले कुनै दृश्य, ध्वनि, बनोट, गन्ध, स्वाद जस्ता विषयलाई प्रस्तुत गरेर बोद्धाको ज्ञानेन्द्रियलाई सक्रिय तुल्याउने काम यस्तो सङ्कथनमा गरेको हुन्छ । बोद्धासँग परिचित वा अपरिचित विषयलाई प्रस्तोताले मूर्तिवत् रूपमा प्रस्तुत गरेको हुन्छ । कुनै पनि विषयलाई प्रत्ययकारी ढङ्गले प्रस्तुत गर्ने काम वर्णनात्मक सङ्कथनमा गरिएको हुन्छ । मूलतः इन्द्रियग्राह्य वर्णन, सम्बन्धित विषयको तथ्यात्मकता एवम् प्रस्तोताको कल्पना र संज्ञानका आधारमा विषयलाई क्रमिक ढङ्गले सरल र सरस भाषाका माध्यमबाट प्रस्तुत गरिएको सङ्कथनलाई वर्णनात्मक सङ्कथनका रूपमा लिइन्छ ।

लघु र मझौला आयाममा संरचित हुने वर्णनात्मक सङ्कथन एक अनुच्छेदसम्मको भएमा लघु र एकभन्दा बढी अनुच्छेदको भएमा मझौला आयामका रूपमा चिनिन्छ । यस्तो सङ्कथनको अनुच्छेदमा परिचय अंश, मुख्य अंश र निष्कर्ष अंश आएका हुन्छन् । यिनलाई क्रमशः शीर्षीकरण, विस्तृतीकरण र निष्कर्षीकरणका रूपमा समेत बुझ्न सकिन्छ । सिङ्गो अनुच्छेदको मुख्य विचारको सार शीर्ष वाक्यमा आएको हुन्छ । कहिलेकाहीँ शीर्ष वाक्यको परिवेश वा पृष्ठभूमि दिन आवश्यक देखिएमा त्यस्तो अवस्थामा शीर्ष वाक्य दोस्रो वा तेस्रो वाक्यमा समेत प्रस्तुत गर्न सकिन्छ । मूल रूपमा शीर्ष वाक्य अनुच्छेदको पहिलो वाक्य नै हुन्छ । अनुच्छेदमा मुख्य विचारको पहिचान गरेपछि मात्र शीर्ष वाक्य पहिचान गर्न सकिन्छ । यही मुख्य विचार पहिचान गर्न सकिएन भने उक्त अनुच्छेदमा धेरै विचार थुप्रिएका छन् भन्ने बुझिन्छ । यस्तो अवस्थामा त्यहाँ विचारका बिचमा तार्किक संरचना तयार भएको छैन भन्ने स्पष्ट हुन्छ । वर्णनात्मक सङ्कथनमा मुख्य विचारसँग सम्बद्ध अरू सन्दर्भहरू छन् भने तिनलाई फरक फरक अनुच्छेदमा विभाजन गरेर प्रस्तुत गरिन्छ । यसो भए पनि ती अनुच्छेदका बिचमा समेत अन्विति कायम गरिएको हुन्छ । त्यसका लागि पनि अघिल्लो अनुच्छेदको अन्तिम वाक्यले त्यस अनुच्छेदको सार प्रस्तुत गर्दै आगामी अनुच्छेदमा प्रस्तुत गरिने मुख्य विचारका बारेमा समेत सङ्केत गरेको देखाई सङ्गति कायम गरिएको हुन्छ । एउटा अनुच्छेदमा एउटा मुख्य विचारकै केन्द्रीयतामा वाक्यहरू सम्बद्ध गराई एकात्मक सम्बन्ध स्थापना गरिएको हुन्छ । एउटा अनुच्छेदमा एउटै व्याकरणिक कोटिलाई बोध गराउने खालका वाक्यको प्रयोग गरी समरूपता कायम गरिएको हुन्छ ।

वर्णनात्मक सङ्कथनको नमुनाका रूपमा गुरुप्रसाद मैनालीको 'छिमेकी' कथाका वाक्यलाई यहाँ प्रस्तुत गरिएको छ -"असारको महीना थियो । दिउँसोको टण्टलापुर घाममा मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो, कुलामुनि आशामरु साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेसीको फाँट । निकै रमाइलो ठाउँ थियो" (मैनाली, २०२०/२०५७, पृ. १०) । यस सङ्कथनमा प्रस्तोताले असारको महिनामा किसानको दिनचर्यालाई प्रस्तुत गर्ने उद्देश्य राखेको देखिन्छ । यसमा प्रस्तुत टण्टलापुर घाम, चौतारमा बसेका, कुलोमाथि चौतारो, कुलामुनि हिउँदे पसल, बेसीको फाँट जस्ता पदावलीका माध्यमबाट चित्रात्मक भाषाको प्रयोग भएको छ । यस्तो भाषाले बोद्धाको मस्तिष्कमा तिनको छवि उतार्न सकेका छन् । यस सङ्कथनको आरम्भको वाक्यले असारको वर्णन गर्न खोजेको छ र त्यसकै सेरोफेरोमा अन्य वाक्यहरू जोडिएका छन् । असारको महिना खेतीको हो जुन किसानका लागि उपयोगी छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ र भूतकालीन क्रियाको प्रयोगले समेत एक अनुच्छेद एउटै कालका क्रियापद प्रयोग गर्नुपर्ने सङ्कथन विश्लेषणको मान्यतालाई परिपालन गरिएको छ ।

## विवरणात्मक सङ्कथन

कुनै विषय वा घटनाका बारेमा विस्तारपूर्वक वर्णन गरिएको सन्दर्भपरक अर्थ सम्प्रेषण गर्न सक्ने पूर्ण पाठ नै विवरणात्मक सङ्कथन हो । यस्तो सङ्कथनमा घटित भएका घटनालाई प्रस्तोताले बोद्धासमक्ष प्रस्तुत गरेको हुन्छ । विवरणात्मक सङ्कथनमा बाहिर देखिएका दृश्य वा घटनालाई बोध गरी तिनका बारेमा सविस्तार वृत्तान्त प्रस्तुत गरिएको हुन्छ । भएका यथार्थ दृश्य वा घटनाका बारेमा वर्णन गर्ने प्रवृत्तिका कारण यसमा प्रयोक्ताको वैयक्तिक अनुभवको अभिव्यक्तिभन्दा विषयको प्रस्तुतिको प्रधानता रहेको हुन्छ (पौडेल, २०५९, पृ. ९८) । विवरणात्मक सङ्कथनमा प्रस्तोतालाई के लाग्यो भन्ने कुराको अभिव्यक्ति नभई उसले के देख्यो वा के पायो त्यसको विस्तृत विवरण प्रस्तुत गर्ने मूल प्रवृत्ति रहेको पाइन्छ । विषय वा घटनाका बारेमा बोद्धालाई स्पष्ट जानकारी प्राप्त होस् भन्ने मूल अभिप्रायका कारण प्रस्तोताले सरल अभिव्यक्ति कलाको अलवम्बन गरी सम्बन्धित विषयलाई सविस्तार प्रकाश पारेको हुन्छ ।

विवरणात्मक सङ्कथनमा प्रस्तोताको वैयक्तिक संज्ञानको प्रकटीकरणलाई महत्त्व दिइँदैन । यसमा वस्तु, घटना, कार्य आदिको वृत्तान्त प्रस्तुत गरिन्छ (अधिकारी, २०६१, पृ. ९१८) । विवरणको प्रधानता रहने यस्तो सङ्कथनमा विषयको प्रतिपादन सूचनात्मक, परिचयात्मक, व्याख्यात्मक, स्पष्टीकरणात्मक वा ज्ञानवर्धक ढङ्गबाट गरिन्छ । सामान्य सत्य कुरालाई विवरणात्मक रूपमा प्रस्तुत गरिन्छ । यस्तो सङ्कथनमा कुनै विषय, व्यक्ति, वस्तु, कृति, सिद्धान्त, विचार, विधि, धारणा, नियम, रुचि, समस्या, स्थान आदिका बारेमा विस्तृत जानकारी सरल र स्पष्ट ढङ्गले दिइएको हुन्छ । यस्तो सङ्कथनको प्रयोजन बुझाउने भएकाले नजानेका वा कम ज्ञान भएका विषयलाई प्रत्ययकारी वा पत्यारिलो ढङ्गले प्रस्तुत गरिएको हुन्छ (शर्मा, २०५५, पृ. ५०६) । यस्तो सङ्कथनमा सूचना दिने उद्देश्य रहने भएकाले विषयको तथ्यलाई स्पष्ट पारिन्छ तर भावना र कल्पनाका आधारमा तथ्यलाई स्पष्ट पार्ने प्रयत्न गरिँदैन ।

सामान्यतया एक अनुच्छेदभित्रै संरचित हुने लघु र एकभन्दा बढी अनुच्छेदको वा सिङ्गो पाठात्मक स्वरूप ग्रहण गरेको मझौला आयामको विवरणात्मक सङ्कथन हो । यस्तो सङ्कथनमा

मिल्दाजुल्दा वाक्यहरूको प्रयोग गरी अनुच्छेदको संरचना तयार पारिएको हुन्छ । एउटा अनुच्छेदमा एउटा मुख्य विचार वा केन्द्रीय विचारलाई प्रस्तुत गरिएको हुन्छ । उक्त विचारलाई सुरुको वाक्यमा प्रस्तुत गरिन्छ । उक्त वाक्यलाई शीर्ष वाक्यका रूपमा लिइन्छ । उक्त मुख्य विचारलाई स्पष्ट पार्नाका लागि अन्य वाक्यहरू सुसङ्गत ढङ्गले विन्यास गरिएको हुन्छ। आख्यानात्मक, वर्णनात्मक, संवादात्मक, तुलनात्मक, व्यतिरेकी अनुच्छेदमा जस्तै विवरणात्मक अनुच्छेदमा पनि वाक्यहरूका बिचमा अन्तःसम्बन्ध कायम गरिएको हुन्छ (गौतम, २०६९/२०७६, पृ. ५८६) । वाक्यहरूका बिचको यही अन्तःसम्बन्धले अनुच्छेदमा अन्विति कायम गरिएको हुन्छ । सङ्कथन विश्लेषणमा वाक्यहरूका बिचको तार्किक सम्बन्धलाई महत्त्व दिइन्छ । विवरणात्मक सङ्कथनको अनुच्छेद व्यवस्थामा पनि वर्णनात्मक सङ्कथनमा जस्तै परिचय अंश, मुख्य अंश र निष्कर्ष अंश रहेका हुन्छन् । अनुच्छेदमा प्रयुक्त वाक्यमा पुरानो सूचना र नयाँ सूचनाको प्रक्रियालाई आवृत्ति गर्दै सङ्गति कायम गरिएको हुन्छ । एउटा विचारलाई एउटा अनुच्छेदमा सुसङ्गठित गरिएको हुन्छ । एउटा अनुच्छेदमा एउटा विचार आएन र वाक्यहरूका बिचमा तार्किक सम्बन्ध नभएमा त्यो सङ्गतिविहीन अनुच्छेद भन्ने बुझ्नुपर्छ। विवरणात्मक सङ्कथनमा एकभन्दा बढी अनुच्छेद आएमा पहिलो अनुच्छेदको अन्तिम वाक्यमा त्यस अनुच्छेदको निष्कर्ष प्रस्तुत गर्दै आगामी अनुच्छेदको मुख्य सारलाई समेत सङ्केत गरी समन्वय कायम गरी सङ्कथन तयार पारिन्छ ।

विवरणात्मक सङ्कथनको नमुनाका रूपमा तारानाथ शर्माको 'वक्ताहरूको कुनो' निबन्धका वाक्यलाई यहाँ प्रस्तुत गरिएको छ :

> म आज तपाईँहरूलाई एउटा उदेकलाग्दो संसारमा घुमाउन चाहन्छु । हामीलाई जतिसुकै उदेकलाग्दो लागे तापनि लन्डनवासीहरूको अगि ज्यादै नै साधारण र जीवनकै स्वाभाविक प्रवृत्तिको रूपमा देखा पर्ने यो संसार विशाल लन्डन नगरीको पश्चिमी क्षेत्रको विस्तृत हाइड् पार्कको उत्तरपूर्व सानो कुनामा सीमित छ । यस सीमित क्षेत्रलाई अंग्रेजहरू गर्वसाथ जिब्रो घुमाएर स्पीकस् कोन अर्थात् वक्ताहरूको कुनो भन्छन् । (शर्मा, २०५५, पृ. ५०७ मा उद्धृत)

माथिको सङ्कथनमा प्रस्तोताका रूपमा 'म' आएको छ । 'म' ले बोद्धालाई आफूले परिभ्रमण गरेको लन्डन सहरको सविस्तार विवरण दिएको छ । यस सङ्कथनमा आश्चर्यजनक स्थलको विवरण प्रस्तुत गरिएको छ भन्ने कुरालाई पहिलो शीर्ष वाक्यले स्पष्ट पारेको छ । त्यस शीर्ष वाक्यमा प्रस्तुत गरेको मानिसलाई आकर्षित गर्ने कुराहरू के के हुन् भन्ने कुरालाई पछिल्ला वाक्यहरूमा हाइड् पार्क, स्पीकस् कोनका माध्यमबाट प्रस्तुत गरिएको छ । यसको प्रस्तोताले लन्डन सहरलाई सुन्दर बनाउने कुराको विवरण प्रस्तुत गरी विवरणात्मक सङ्कथनको संरचना तयार पारेको देखिन्छ ।

**विश्लेषणात्मक सङ्कथन**

कुनै विषयलाई विभिन्न कोणबाट अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको सन्दर्भपरक अर्थयुक्त पाठ विश्लेषणात्मक सङ्कथन हो । तर्कपूर्ण अभिव्यक्ति र टुक्रा टुक्रागत प्रस्तुतिकलाको अवलम्बन गरी प्रस्तुत गरिएको सङ्कथन नै विश्लेषणात्मक सङ्कथन हो । यस्तो सङ्कथनमा संश्लिष्ट अवस्थामा रहेको कुरालाई अलग अलग गरी छुट्याउने काम गरिन्छ (अधिकारी, २०६१, पृ. ९२०) । आध्यात्मिक

ज्ञान वा भौतिक विज्ञानसँग सम्बद्ध विषयका बारेमा स्पष्ट पार्ने क्रममा प्रस्तोताले ती विषयलाई टुक्रा टुक्रामा विभक्त गरी सोदाहरण पुष्टि गर्ने काम गरेको हुन्छ । प्रस्तोताको विषयप्रतिको खण्डन, मण्डन र विश्लेषणले बोद्धालाई निष्कर्ष पहिचान गर्न मदत गरेको हुन्छ । प्रस्तोताको आशय के हो ? उक्त विषयले कुन सन्दर्भलाई महत्त्व दिन खोजेको छ भन्ने संज्ञानलाई बोध गर्न उक्त विश्लेषित अंशबाट बोद्धा सक्षम हुन्छ ।

विश्लेषणात्मक सङ्कथनमा प्रस्तोताले विषयको गहिराइलाई राम्रोसँग मापन गरेको हुन्छ । त्यस विषयले पार्ने सकारात्मक र नकारात्मक पक्षका बारेमा उसले जानकारी लिएको हुन्छ । तसर्थ उसले कुनै पनि विषय, घटना वा सन्दर्भको कारण र प्रभावलाई स्पष्ट रूपमा प्रस्तुत गरेको हुन्छ (शर्मा र लुइटेल, २०५२, पृ. १९) । सम्बन्धित विषयको उठानको कारण के हो ? त्यसले व्यक्ति र समाजलाई के प्रभाव पारेको छ जस्ता कुरालाई मिहिन ढङ्गले पुष्टि गर्ने काम प्रस्तोताले यस्तो सङ्कथनमा गरेको हुन्छ । खास गरी विषय वा सन्दर्भ एउटा छ, त्यसले एउटा आशय सम्प्रेषण गरेको छ र पनि उक्त विषय वा आशयलाई स्पष्ट ढङ्गले बोद्धासमक्ष पुऱ्याउन विभिन्न सन्दर्भलाई जोड्ने काम गरेको हुन्छ । यसका लागि उसले आफ्नो संज्ञान, सामाजिक सन्दर्भ एवम् सांस्कृतिक सन्दर्भलाई आधार बनाउँदै सम्बन्धित विषयलाई पुष्टि गर्ने काम कुनै एक अनुच्छेद वा विभिन्न अनुच्छेहरूमा विभक्त गरी प्रस्तुत गरेको हुन्छ । यस्तो सङ्कथनमा प्रस्तोताले विषयको केवल विवरण र वर्णन प्रस्तुत नगरी त्यसका सम्बन्धमा आफ्नो गहिरो तर्कसमेत प्रस्तुत गरेको हुन्छ । यस्तो सङ्कथनमा विषयवस्तुको घनत्व हुने भएकाले र विषयलाई विस्तारपूर्वक स्पष्ट पारिने भएकाले मिश्र र संयुक्त वाक्यको प्रयोग गरिएको हुन्छ । विषयलाई बढी बोधगम्य बनाउनका लागि संश्लिष्ट विषयलाई पनि खण्डित गरेर स्पष्ट पारिन्छ । यस्तो सङ्कथनमा किनकि, किनभने, त्यसैले, त्यसकारण जस्ता कारणबोधक संयोजक प्रयोग गरेर उपवाक्यका पृथक् विषयलाई जोडिएको हुन्छ । प्रस्तोताले बोद्धासमक्ष सम्बन्धित विषयलाई प्रस्तुत गर्ने क्रममा तथ्य र आफ्नो संज्ञानको उपयोग गरेको हुन्छ । तर्क, वितर्क, आलोचना, समीक्षा, व्याख्या एवम् उदाहरणका माध्यमबाट आफूले स्पष्ट पार्न चाहेको विषयलाई पुष्टि गर्ने काम यस्तो सङ्कथनमा गरिएको हुन्छ ।

विश्लेषणात्मक सङ्कथनको अनुच्छेदमा विषयलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा प्रस्तुत गरिएको हुन्छ । यसमा पनि वर्णनात्मक र विवरणात्मक सङ्कथनमा जस्तै आदि भागमा मुख्य विचारको सारलाई प्रस्तुत गरिएको हुन्छ । त्यस विचारलाई विभिन्न तर्क, प्रमाणका आधारमा पुष्टि गर्ने काम अनुच्छेदको मध्य भागमा गरिएको हुन्छ । अन्त्य भागमा तिनै तर्कबाट प्राप्त भएको निचोडलाई प्रस्तुत गरिएको हुन्छ । यसो गर्दा शीर्ष वाक्यमा प्रस्तुत विचारसँग निष्कर्ष भागको निचोडको मेल देखाई उक्त अनुच्छेदमा एकत्व कायम गरिएको हुन्छ । विस्तृतीकरण खण्डका वाक्यहरूमा पनि पुरानो सूचना र नयाँ सूचनाका क्रममा राखी समन्वय कायम गरिएको हुन्छ । यदि विभिन्न अनुच्छेदहरूमा विषयलाई विश्लेषण गर्न पर्ने स्थिति आएमा ती अनुच्छेदहरूमा समेत सङ्गति कायम गरिएको हुन्छ । यसो गर्दा पूर्व अनुच्छेदको निचोडको वाक्यमा त्यस अनुच्छेदको निचोडसहित आगामी अनुच्छेदमा प्रस्तुत गरिने विचारको पूर्वसङ्केत गरिएको हुन्छ । यही लेखनविधिका आधारमा विश्लेषणात्मक सङ्कथनमा एकत्व कायम गरिएको हुन्छ ।

विश्लेषणात्मक सङ्कथनको नमुनाका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथाका वाक्यलाई यहाँ प्रस्तुत गरिएको छ :

> त्यस समय मेरो धर्म के थियो मलाई अझै थाहा हुन सकेको छैन । मर्न लागेको आफ्नो पुरुषलाई स्वयं आफ्नो उत्सर्ग गरेर पनि उसलाई बचाउन चाहनु के नारीको धर्म होइन ? धर्म-अधर्मका कुरा, नीति-अनीति र सदाचार-दुराचारका प्रश्नहरू पनि मलाई लाग्यो जुन सङ्कटको स्थितिमा म पुगेकी थिएँ त्यहाँ पुगेर तिनले मलाई स्पर्श गर्न सकेका थिएनन् । (कोइराला, २०३९/२०७३, पृ. २४)

माथिको सङ्कथनात्मक अनुच्छेदमा समाख्याता र भोक्ताका रूपमा आएको 'म' ले मानिसको जीवन रक्षा नै प्रमुख धर्म हो भन्ने सन्दर्भपरक अर्थलाई सम्प्रेषण गरेको देखिन्छ । प्रस्तोतामा यो संज्ञान सामाजिक परिवेशबाट आएको भन्ने बुझिन्छ । आफ्नो यौवन बेचेर पतिको जीवन रक्षा गर्ने अभीष्ट राखेकी 'म' ले धर्म, नीति, आचरण, व्यवहार, शास्त्र आदिले निर्देश गरेका कुराभन्दा भिन्न आफूले पतिको जीवन रक्षाका लागि यौन कार्य गर्ने भन्ने कुरालाई तार्किक रूपमा तुलना गर्दै विश्लेषण गरेकी छ । पतिको जीवनभन्दा ठुलो पतिव्रता हुँदैन भन्ने विचारलाई पुष्टि गर्नाका लागि 'म' ले विभिन्न सन्दर्भहरू (धर्म, नीति, आचरण, व्यवहार, शास्त्र) का आधारमा पुष्टि गरिएकाले यो विश्लेषणात्मक सङ्कथन बनेको छ ।

**आख्यानात्मक सङ्कथन**

घटना, पात्र र परिवेश जस्ता आख्यान संरचनाका लागि अनिवार्य आवश्यक ठानिने उपकरणका आधारमा सन्दर्भत अर्थसहित संरचित सङ्कथन नै आख्यानात्मक सङ्कथन हो । समाख्याताका माध्यमबाट प्रस्तुत हुने यस्तो सङ्कथनमा प्रस्तोताले आफै समाख्याताको भूमिका निर्वाह गरेर वा कुनै पात्रलाई त्यस प्रकारको भूमिका प्रदान गरी विषयलाई प्रस्तुत गरेको हुन्छ । मूलतः साहित्यको आख्यान विधाका रूपमा परिचित कथा र उपन्यास आख्यानात्मक सङ्कथनका नमुना हुन् । आख्यान तत्त्वको संयोजन गरिएका आख्यानात्मक कविता, आख्यानात्मक नाटक, आख्यानात्मक निबन्ध पनि आख्यानात्मक सङ्कथन बन्न सक्छन् । यिनका अतिरिक्त जीवनी, इतिहास, समाचारमा समेत आख्यान तत्त्वको संयोजन हुने भएकाले यिनलाई पनि आख्यानात्मक सङ्कथनका रूपमा लिन सकिन्छ ।

आख्यानात्मक ढाँचामा लेखिएको सङ्कथनमा प्रस्तोताले कुनै एक सन्देशलाई सम्प्रेषण गर्ने अभीष्ट राखेको हुन्छ । त्यसलाई प्रस्तुत गर्नाका लागि विभिन्न रणनीतिहरूसमेत अवलम्बन गरेको हुन्छ । त्यस्ता रणनीतिमा घटनाको विन्यास, पात्रको चरित्राङ्कन, परिवेशको निर्मिति, स्वाभाविक खालका संवाद एवम् द्वन्द्व प्रमुख रहेका हुन्छन् । यिनैको संयोजन गरी यस्तो सङ्कथनको संरचना तयार पारिएको हुन्छ । आख्यानात्मक सङ्कथनमा काल्पनिक घटनालाई यथार्थ जस्तै बनाएर प्रस्तुत गरिएको हुन्छ (शर्मा, २०५५, पृ. ५१०) । यस्तो सङ्कथनमा प्रयुक्त घटनाले बोद्धाको मनमा वास्तविकताको आभास सिर्जना गरेको हुन्छ । यस्तो सङ्कथनमा आफ्नै समाज र परिवेशमा घटित भइरहेका र घटित हुन सक्ने घटनासँग तादात्म्य गराई आख्यानको स्वरूप निर्माण गरिएको हुन्छ । आख्यानात्मक सङ्कथनमा प्रस्तोताले अभिव्यक्त गर्न खोजेको सारवस्तुलाई पात्रका क्रियाकलापका माध्यमबाट सार्थक

पार्ने काम गरिएको हुन्छ । गतिशील र जीवन्त पात्रका क्रियाव्यापारको संयोजनले मात्र आख्यानात्मक सङ्कथनलाई विश्वसनीय बनाएको हुन्छ । पात्रविहीन आख्यान संरचनाको कल्पना गर्न सकिन्न (नेपाल, सन् १९८७/२००५, पृ. ५५) । आख्यानात्मक सङ्कथनको प्रस्तोताले पात्रलाई सक्रिय गराउँछ । पात्रले बोल्न नसकेका वा गर्न नसकेका अवस्थामा प्रस्तोताले नै विषय र घटनालाई जोड्दै आख्यानलाई गति प्रदान गरेको हुन्छ । पुनः पात्रको भूमिका आवश्यक देख्नासाथ उसलाई नै सक्रिय गराएको हुन्छ । घटनाको प्रबलता रहने भएकाले चरित्रका माध्यमबाट विश्वसनीय ढङ्गले प्रस्तुत गर्न नसकिने घटनालाई यस्तो सङ्कथनमा समावेश गरिँदैन ।

आख्यानात्मक सङ्कथन लेख्दा आख्यान तत्त्वलाई सबल बनाइएको हुन्छ । यसमा प्रयुक्त हुने परिवेश र विचार एकदेशीय (जस्तै : परालको आगो) र सार्वभौम (जस्तै : मधेशतिर, विचार मात्र) प्रकृतिको हुने गर्छ । मुख्य विचारलाई सार्थक पार्नाका निम्ति उपयुक्त घटना, पात्र, परिवेश, संवाद, द्वन्द्वको संयोजन गरिएको हुन्छ । कुन विचारलाई सार्थक पार्न खोजिएको हो त्यस कुराप्रति सचेत बन्दै घटनाको संयोजन गरिएको हुन्छ । आख्यान तत्त्वको सबलता रहने भएकाले यस्तो सङ्कथनमा प्रस्तोताले वर्णन, विवरण र विश्लेषण जस्ता प्रस्तुति पद्धतिको अवलम्बनभन्दा नाटकीय प्रस्तुति कला अवलम्बन गरेको हुन्छ । पात्रका बिचको द्वन्द्व र संवादले घटनालाई विश्वसनीय बनाउने भएकाले उक्त प्रस्तुति ढाँचा अवलम्बन गरेको पाइन्छ । प्रस्तोताले व्यक्त गर्न खोजेको सारवस्तुलाई पात्रका क्रियाव्यापारको संयोजनले उत्कर्ष र परिणतिमा पुऱ्याउने काम यस्तो सङ्कथनमा गरिएको हुन्छ । लघु, मझौला र बृहत् आयाममा संरचित हुने आख्यानात्मक सङ्कथनको रचना गर्दा घटनालाई कारण र कार्यको शृङ्खलामा उनिएको हुन्छ । यही लेखन ढाँचा अवलम्बन गरी आख्यानात्मक सङ्कथनको संरचना तयार पार्नुपर्छ ।

आख्यानात्मक सङ्कथनमा आदि, मध्य र अन्त्यको शृङ्खला कायम गरिएको हुन्छ । यसमा पनि संसक्ति कायम गर्नाका लागि वाक्यहरूलाई तार्किक ढङ्गले जोडिएको हुन्छ । हरेक अनुच्छेदको प्रारम्भमा त्यस अनुच्छेदको सार प्रस्तुत गरिन्छ भने त्यही सारलाई स्पष्ट पार्नाका निम्ति मध्य भागमा पात्रलाई क्रियाव्यापारमा सक्रिय बनाइएको हुन्छ । अन्त्य भागमा अनुच्छेदको आदि भागमा प्रस्तुत गरिएको सारसँग समन्वय गरी समापन गरिएको हुन्छ । अनुच्छेदका वाक्यहरूमा पनि सुरुमा नयाँ सूचना दिइन्छ । त्यसपछिका वाक्यहरूमा पुरानो सूचना र नयाँ सूचना प्रस्तुत गर्दै सिङ्गो अनुच्छेदमा समन्वय कायम गरिएको हुन्छ । एकभन्दा बढी अनुच्छेद भएको आख्यानात्मक सङ्कथनमा मूल विचारकै केन्द्रीयतामा सबै अनुच्छेदलाई प्रस्तुत गरिएको हुन्छ । ती अनुच्छेदमा संसक्ति व्यवस्था कायम गर्नाका लागि पहिलो अनुच्छेदको अन्त्य भागमा त्यस अनुच्छेदको निष्कर्ष प्रस्तुत गर्दै आगामी अनुच्छेदमा के कुरालाई महत्त्व दिने हो त्यसको समेत सङ्केत गरिन्छ । यसका लागि पात्रलाई क्रियाव्यापारमा सक्रिय बनाइन्छ । पात्रका क्रियाव्यापारलाई गति प्रदान गर्न द्वन्द्व चाहिन्छ (श्रेष्ठ, २०७९, पृ. २९) । उक्त द्वन्द्वको व्यवस्थापन नभएसम्म मध्य भागको सक्रियता रहिरहन्छ । द्वन्द्वको व्यवस्थापनपछि परिणतिमा पुगेको हुन्छ । यही प्रक्रियालाई प्रयोग गरी सिङ्गो सङ्कथनलाई संसक्त तुल्याइएको हुन्छ ।

आख्यानात्मक सङ्कथनको नमुनाका रूपमा हृदयचन्द्र सिंह प्रधानको *एक चिहान* उपन्यासका वाक्यलाई यहाँ प्रस्तुत गरिएको छ :

नानीथकुँलाई रञ्जना देवीको कुराले साह्रै छोयो, उनको भित्री मन खलबल पारि दियो । डाक्टर गोदत्त प्रसादकहाँबाट आएर उनी सरासर आफ्नो सुत्ने कोठामा गइन् र पल्टिन् । तर उनी पल्टन सकिनन्, उनलाई बिछ्यौना बिझेको भान भयो । अनि जुरुक्क उठेर बसिन्, बस्न पनि सकिनन्, आसन पोलेको जस्तो उनलाई लाग्यो । झ्यालमा उभिएर बाहिर हेरिन्, सारा दृश्यले आफूलाई गिज्याइ रहेको उनले देखिन् । (प्रधान, २०६७, पृ. ६६)

माथिको सङ्कथनात्मक अनुच्छेदमा नानीथकुँ पात्र अशान्त छे भन्ने कुरालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ । नानीथकुँ रञ्जनादेवीको कुराले प्रभावित हुनु, अशान्त बन्नुको सन्दर्भ र त्यसै सन्दर्भसँग सम्बद्ध उसका क्रियाव्यापारलाई प्रस्तुत गरी आख्यानात्मक सङ्कथनको संरचना तयार पारिएको छ । पत्नी भएको पुरुषसँग बिहे गरेमा जीवन सुखद हुँदैन, महिलाका लागि सौता पीडादायी हुन्छ, महिलालाई सामान्य ठान्ने प्रवृत्ति छ भन्ने सन्दर्भपरक अर्थ यस सङ्कथनले बोध गराएको छ । नानीथकुँको पीडासँग सम्बन्धित वाक्यलाई यस सङ्कथनमा समावेश गरी आख्यान तयार पारेको देखिन्छ ।

## निष्कर्ष

सन्दर्भपरक अर्थ सम्प्रेषण गर्ने सङ्कथनका वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक र आख्यानात्मक गरी विभिन्न स्वरूप हुन्छन् । वर्णनात्मक सङ्कथनमा प्रस्तोताले कुनै पनि विषयलाई आफ्नो संज्ञानको समेत प्रयोग गरी इन्द्रियग्राह्य बनाएर बोद्धासमक्ष प्रस्तुत गरेको हुन्छ भन्ने जानकारी यस अध्ययनबाट प्राप्त भएको छ । लघु र मझौला आयाममा संरचित हुने र अनुच्छेद संरचनामा परिचय, मुख्य र निष्कर्ष अंश रहने यस्तो सङ्कथनमा मूलतः विषयवस्तुलाई चित्रात्मक भाषाको प्रयोग गरी प्रत्ययकारी ढङ्गले प्रस्तुत गरिएको हुन्छ भन्ने कुरा यस अध्ययनमा निष्कर्षका रूपमा प्राप्त भएको छ । यसै गरी विवरणात्मक सङ्कथनमा विषयको विस्तारपूर्वक प्रस्तुति रहेको हुन्छ भन्ने कुरासमेत यस अध्ययनबाट बोध भएको छ । लघु र मझौला प्रकृतिको रहने र अनुच्छेद संरचनामा शीर्षीकरण, विस्तृतीकरण र निष्कर्षीकरणको क्रम रहने यस्तो सङ्कथनमा प्रस्तोतालाई के लाग्यो नभई, के देख्यो, त्यसको प्रस्तुति भएको हुन्छ भन्ने कुरा पनि निष्कर्षका रूपमा प्राप्त भएको छ । कुनै संश्लिष्ट विषयलाई विभिन्न कोणबाट अध्ययन गरिएको विश्लेषणात्मक सङ्कथन रहेको र यस्तो सङ्कथन लघुदेखि बृहत् आयामसम्म विस्तारित हुन सक्ने भन्ने जानकारी यस अध्ययनबाट प्राप्त भएको छ । मूल विचारलाई शृङ्खलाबद्ध रूपमा विभिन्न तथ्य, प्रमाण, उदाहरण, सिद्धान्त, दर्शन आदिका आधारमा फरक फरक कोणबाट सूक्ष्म ढङ्गले विश्लेषण गरिएको हुन्छ भन्ने कुराको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ । यसै गरी आख्यानात्मक सङ्कथनमा घटना, पात्र र परिवेशको संयोजनका आधारमा मुख्य विचारलाई उत्कर्ष र परिणतिमा पुऱ्याइन्छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । यस्तो सङ्कथन लघुदेखि बृहत् आयाममा संरचित हुने गर्दछ । प्रस्तोताले अभिव्यक्त गर्न खोजेको सन्देशलाई घटनाको विन्यास, पात्रको चरित्राङ्कन, परिवेश निर्मिति, उपयुक्त संवाद र द्वन्द्वको संयोजन गरी यस्तो सङ्कथन लेखन कार्य गर्न सकिन्छ भन्ने कुराको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ । यस्तो सङ्कथनमा पनि आरम्भ, विस्तार र निष्कर्षको क्रमका आधारमा शृङ्खला कायम गरिएको हुन्छ भन्ने कुराको बोध

यस अध्ययनबाट भएको छ । सन्दर्भगत अर्थ सम्प्रेषण हुने यी सबै स्वरूपका सङ्कथनमा आरम्भ, विस्तार र समापनको शृङ्खला कायम गरिएको हुन्छ भन्ने  निष्कर्ष यस अध्ययनको रहेको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (प्रधान सम्पा.) (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* विद्यार्थी प्रकाशन प्रा.लि.।

अधिकारी, हेमाङ्गराज (२०६७ क), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७ ख), *प्रायोगिक नेपाली व्याकरण,* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३०/२०४९), *साहित्य प्रकाश* (पाँचौँ संस्क.), साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०३९/२०७३), *श्वैतभैरवी* (सातौँ संस्क.), साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६९/२०७६), 'सङ्कथन विश्लेषण', *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न पुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

थापा, हिमांशु (२०३६/२०५०), *साहित्य परिचय* (चौथो संस्क.), साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् १९८७/२००५), *आख्यानका कुरा* (दोस्रो संस्क.), एकता बुक हाउस प्रा.लि. ।

पौडेल, कृष्णविलास (२०५९), *साहित्य-सिद्धान्त,* श्रीकृष्ण प्रकाशन ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

प्रधान, हृदयचन्द्रसिंह (२०६७), *एक चिहान* (संक्षिप्तीकृत), साझा प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०२०/२०५७), *नासो* (सोह्रौँ संस्क.), अम्बिकाप्रसाद मैनाली ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, दयाराम (२०७९), *कथा दर्शन,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Flowerdew, J. (2017). *Discourse in english language education*. Routledge.

Gee, J. P. (2001). *An introduction to discourse analysis theory and method*. Routledge.

Mccarthy, M. (1991). *Discourse analysis for language teacher*. Cambridge university press.